नेपाल सरकार

सहरी विकास मन्त्रालय

# काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड

# भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका

(मिति २०७१।११।१७ को १३२ औं कार्यकारी समितिको बैठकबाट संशोधन सहित स्वीकृत)

२०७१

# काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड

## भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका, २०७१

**प्रस्तावना** : काठमाण्डौ उपत्यकामा बढ्दो सहरीकरण र जनसंख्या बृद्धिका कारणले माग बमोजिम पानीको आपूर्ति हुन नसकि भूमिगत जलको उपयोग बढ्दै गैरहेको तथ्यलाई दृष्टिगत गरी परम्परागत ढुंगेधारा, कुवा, ईनारजस्ता प्राकृतिक पानीका श्रोतहरुलाई संरक्षण गर्दै काठमाण्डौ उपत्यकाको सतही पानीको श्रोत तथा भूमिगत जलभण्डारको समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्न वान्छनीय देखिएकोले खानेपानी व्यवस्थापन वोर्ड ऐन २०६३ काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६४, काठमाण्डौ उपत्यका भूमिगत जलश्रोत व्यवस्थापन नीति २०६९ बमोजिम संवेदनशील र महत्वपूर्ण श्रोतको रुपमा रहेको भूमिगत जल श्रोतको समुचित उपयोग, प्रभावकारी तथा दिगो व्यवस्थापन गर्न सो श्रोतको उपयोगकर्ताहरुलाई अनुमति पत्रको दायरामा ल्याउन आवश्यक भएकोले,

खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ को दफा ३६ र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६४ को नियम ३८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले "भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने निर्देशिका २०७१" जारी गरेको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको संक्षिप्त नाम "भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका २०७१" रहेको छ ।

(२) यो निर्देशिका कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "वोर्ड" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड सम्झनु पर्दछ ।

(ख) "कार्यकारी समिति" भन्नाले वोर्डको कार्यकारी समिति सम्झनु पर्दछ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले वोर्डको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(घ) "ऐन" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०६४ सम्झनु पर्दछ ।

(च) "नीति" भन्नाले भूमिगत जलश्रोत व्यवस्थापन नीति, २०६९ सम्झनु पर्दछ ।

(छ) "स्थानिय निकाय" भन्नाले स्थानिय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठन भएका गाँउ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई समेत जनाउँछ ।

(ज) "अनुमती पत्र" भन्नाले वोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा संचालन गर्न सेवा प्रदायकलाई प्रदान गरेको अनुमतीपत्र सम्झनु पर्दछ । सो शव्दले यो निर्देशिका बमोजिम वोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न जारी गरेको अनुमती पत्र समेतलाई जनाउँछ ।

(झ) "भूमिगत जल" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको भौगोलिक क्षेत्र भित्र रहेको भूमिगत पानीलाई जनाउने छ ।

(ञ) "प्राकृतिक पानी" भन्नाले सनातन समय देखि ढुंगेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक श्रोतबाट निःसृत भएको वा भूमिगत श्रोतबाट निकालिएको पानी सम्झनु पर्दछ ।

(ट) "निर्देशिका" भन्नाले यस वोर्डको कार्यकारी समितिबाट स्वीकृति भएर जारी भएको भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका, २०७१ लगायत अन्य निर्देशिकालाई जनाउने छ ।

(ठ) "घरायसी प्रयोजन" भन्नाले व्यक्ति तथा परिवारले खाना पकाउन, पिउन, लुगा धुन, नुहाउन आदी घरायसी प्रयोजनको लागी प्रयोग गर्ने र वेचविखन गर्न नमिल्ने प्रयोजनलाई जनाउँछ ।

(ड) "व्यक्तिगत प्रयोजन" भन्नाले व्यवसायीक प्रयोजनमा भाडामा लगाउने घर, सपिङ्ग मल, सिनेमा हल, अपार्टमेन्ट, हाउजिङ्ग, अस्पताल, स्कुल, कलेज, विजनेश कम्पलेक्स, होटल आदिका परिसर भित्र

व्यक्तिगत प्रयोजनको लागि मात्र भुमिगत जल उपयोग गर्ने र बेच विखन गर्न नमिल्ने प्रयोजनलाई जनाउँछ ।

(ढ) “औद्योगिक प्रयोजन” भन्नाले उद्योग धन्दामा प्रयोग हुने, औद्योगिक परिसरमा मात्र उपभोग गरिने अर्थात उत्पादित क्षेत्र भन्दा वाहिरका क्षेत्रमा प्रयोग गर्न नमिल्ने र वेचविखन गर्न नमिल्ने प्रयोजनलाई जनाउँछ ।

(ण) “व्यवसायिक प्रयोजन” भन्नाले पानी जन्य उद्योगबाट उत्पादित पानी, पानी उत्पादित क्षेत्र भन्दा बाहिर प्रयोग हुने र बेचविखन गर्न सकिने प्रयोजनलाई जनाउँछ ।

(त) “सार्वजनिक प्रयोजन” भन्नाले सेवा प्रयोजनको लागि समुदायले संचालन गरेको, समुदायलाई सेवा पुर्‍याउन संचालन गरिएको, वेचविखन गर्न नमिल्ने प्रयोजनलाई जनाउँछ ।

(थ) “अन्य प्रयोजन” भन्नाले व्यक्तिगत, औद्योगिक, व्यवसायिक, सार्वजनिक बाहेकको भूमिगत पानी उपयोगको प्रयोजनलाई जनाउँने छ ।

(द) “पुनर्भरण” भन्नाले भूमिगत जल भण्डार (Aquifer) को भरण (Recharge) कार्यलाई जनाउँने छ ।

(ध) “भौगोलिक क्षेत्र” भन्नाले खानेपानी व्यवस्थापन वोर्ड ऐन २०६३ को दफा ५ बमोजिमको भौगोलिक क्षेत्रलाई जनाउँने छ ।

(न) “उपभोक्ता” भन्नाले भूमिगत श्रोतबाट व्यक्तिगत, औद्योगिक, व्यवसायिक, सार्वजनिक वा अन्य प्रयोजनको लागि पानी निकाली उपयोग गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई जनाउँने छ ।

३. **भूमिगत श्रोतको पानी निकाल्ने सम्वन्धी व्यवस्था** : (१) बोर्डको भौगोलिक क्षेत्र भित्र अनुमति पत्र लिएर मात्र भूमिगत श्रोतको पानी निकाली प्रयोग गर्न पाइनेछ ।

(२) भूमिगत श्रोतको पानी निकाल्ने प्रयोजनको लागि निर्माण गरिएको टयूववेल वा इनार बोर्डद्वारा स्वीकृत डिजाइन बमोजिमको हुनुपर्नेछ । वोर्डबाट स्वीकृत डिजाइन अनुरुप टयूववेल वा इनार निर्माण भए नभएको जाँच गरेर मात्र अनुमति पत्र जारी गरिने छ ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि घरायसी प्रयोजनको लागि निर्माण हुने इनार र ट्युववेलको लागि अनुमती पत्र लिन आवश्यक पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम निर्माण हुने इनारको अधिकतम् गहिराई ५० मिटर तथा ट्युववेलको हकमा अधिकतम् डायमिटर ४” (इन्च) तथा अधिकतम गहिराई ५० मिटरसम्म मात्र हुनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम भूमिगत श्रोतको पानी निकाली घरायसी प्रयोजनको लागि प्रयोग गर्ने उपभोक्ताले सो सम्बन्धी लिखित जानकारी इनार वा टयूववेल निर्माण गरेको ३० दिन भित्र बोर्डलाई दिनुपर्नेछ ।

४. **भूमिगत पानी उपलव्धताको आधारमा क्षेत्र वर्गिकरण** : (१) भूमिगत पानीको पर्याप्तता, जल सतह, जल उपयोगको अवस्था, पुनर्भरणको संभावना, जनघनत्व आदिलाई आधार मानी भूमिगत पानीको उपलव्धता सम्बन्धी क्षेत्रको रुपमा बोर्डले आफनो भौगोलिक क्षेत्रलाई अनुसूची (१) बमोजिम वर्गिकरण गर्न सक्नेछ ।

(२) भूमिगत श्रोतको पानी निकाल्न निर्माण हुने इनार वा ट्यूववेल रहने स्थान (भौगोलिक क्षेत्र) जुन वर्गिकरणमा पर्छ सोही वर्गिकरणको निमित्त अनुसूची (३) मा उल्लेख भए बमोजिमको परिमाणसम्म मात्र पानी निकाल्न वा उपयोग गर्न सकिने गरी अनुमति पत्र जारी गरिनेछ ।

५. **भूमिगत श्रोतको पानी उपयोगको प्रयोजन** : (१) भूमिगत श्रोतको पानी निकाली उपयोग गर्ने अनुमतिको लागि तल उल्लेख गरिएको प्रयोजन मध्ये कुन प्रयोजनको लागि अनुमति पत्र माग गरिएको हो, सो स्पष्ट रुपमा खुलाई बोर्डमा आवेदन दिनु पर्नेछ ।

(क) व्यक्तिगत

(ख) औद्योगिक

(ग) व्यवसायिक

(घ) सार्वजनिक

(ङ) अन्य

६. **अनुमती पत्रको लागि निवेदन तथा आवश्यक कागजात** : (१) भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने प्रयोजनका लागि अनुमती माग गर्दा भूमिगत श्रोतबाट दैनिक निकालिने पानीको परिमाण समेत उल्लेख गरी निम्न कागजात संलग्न राखी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(क) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(ख) फर्म, संस्था वा कंपनी, उद्योग, व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(ग) मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(घ) बोर्डद्वारा तोकेको अवधि सम्मको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी

(ङ) सेवा प्रदायक संस्था भए संस्थाको उद्देश्य देखिने कागजात

(च) टयूववेल निर्माण हुने स्थानको GPS Coordinate

(छ) टयूववेल निर्माण स्थलको चिन्ह लगाएको Google image

(ज) टयूववेल निर्माण स्थलको जग्गाको कित्ता देखिने जग्गा नापी नक्सा

(झ) जग्गाको स्वामित्वको कागजात/लालपुर्जाको प्रमाणित प्रतिलिपी

(ञ) आफनो हकभोग वा स्वामित्वमा रहेको जग्गा नभए कम्तीमा १ वर्ष जग्गा प्रयोग गर्ने गरी सम्वन्धित जग्गाधनीसँग गरिएको संझौता/करारनामा

(ट) भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र दस्तुर दाखिला गरेको बैंक भौचर

(ठ) सम्वन्धित गा.वि.स./नगरपालिका वडा कार्यालयको सिफारिस

(ड) भूमिगत जलको संभाव्यता अध्ययन प्रतिवेदन

(ढ) बोर्डले आवश्यक ठानेको अन्य कागजात

७. **व्यवसायिक, औद्योगिक र सार्वजनिक प्रयोजनको लागि सार्वजनिक सुनवाई गर्नुपर्ने** : (१) व्यवसायिक, औद्योगिक र सार्वजनिक प्रयोजनको लागि अनुमती पत्र माग गर्दा स्थानीय निकायको रोहवरमा स्थानीय स्तरमा गरिएको सार्वजनिक सुनुवाई वा छलफलको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

८. **अनुमती पत्र दिने प्रकृया तथा आधार** : (१) निवेदनमा उल्लेखित विवरण, संलग्न कागजात तथा अनुसूची २ मा उल्लेख भए बमोजिम भौगोलिक क्षेत्रको वर्गिकरणका आधारमा भूमिगत श्रोतको पानी निकाल्ने प्रयोजनका लागि न्यूनतम गहिराई समेत उल्लेख गरी टयूववेल निर्माण गर्न बोर्डले स्विकृती दिनेछ ।

(२) बोर्डको स्विकृति पश्चात ६ महिना भित्र टयूववेल निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । उक्त समय भित्र कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेमा कारण खोली टयूववेल निर्माण सम्पन्न गर्न म्याद थपको लागि बोर्डमा निबेदन दिनु पर्नेछ । म्याद थपको कारण मनासिव देखिएमा बोर्डले आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

(३) टयूववेल निर्माण गर्दा घरायसी प्रयोग बाहेक Safe Area (सुरक्षित क्षेत्र) मा ३० मिटर गहिराई सम्म र अन्य क्षेत्रमा ५० मिटर गहिराई सम्मको पानी तान्न पाइने छैन । सो गहिराई सम्म Gravel Pack नगरी Clay Sealing गर्नुपर्नेछ साथै भूमिगत पानीको सतह (Water Level) नाप्न मिल्ने गरी संरचना तयार पार्नुपर्नेछ ।

(४) टयूववेल निर्माण सम्बन्धमा Pilot Hole निर्माण गरेपछि Well Logging ,data, Lithological Section, Well Design सहितको प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ ।

(५) बोर्डले प्राप्त कागजात, विवरण अध्ययन तथा आवश्यकतानुसार स्थलगत निरीक्षण गरी टयूववेलको प्रभावकारीता बढाउन निवेदकले पेश गरेको Well Design परिमार्जन गर्न सक्नेछ ।

(६) बोर्डबाट प्राप्त स्वीकृती तथा निर्देशन बमोजिम मात्र Tube well Construction, Tube Well Installation, sealing लगायतका कार्य गर्नुपर्नेछ ।

(७) ट्युववेल ड्रिलिङ्ग, जडान तथा सो सम्वन्धी संरचना निर्माणको कार्य कानून बमोजिम दर्ता भएका सम्वन्धित व्यवसायीबाट गराउनु पर्नेछ ।

(८) टयूववेल निर्माणको विभिन्न चरणमा बोर्डबाट निरीक्षण तथा अनुगमन गर्न सकिनेछ । बोर्डले टयूववेलको संरचना तथा निर्माण प्रक्रियाको जाँच परीक्षण गर्न सक्नेछ । जाँच परीक्षणको क्रममा स्वीकृति दिए बमोजिम निर्माण संरचना नभएको पाइएमा आवश्यकतानुसार निर्देशन दिन सक्नेछ र सो को पालना नभएमा वोर्डले निर्माण कार्य रोक्न समेत सक्नेछ ।

(९) ट्यूववेल निर्माण तथा संचालनको क्रममा प्राविधिक कारणले गर्दा स्वीकृती लिएको स्थानबाट ट्यूववेल स्थानान्तरण गर्नु पर्ने भएमा बोर्डलाई जानकारी गराई आवश्यकता अनुसार ५० मिटर वरपरको दुरीमा स्थानान्तरण गर्न सकिनेछ । ५० मीटर भन्दा बढीको दुरीमा वोर्डको स्वीकृति लिएर मात्र स्थानान्तरण गर्न सकिनेछ ।

(१०) भूमिगत श्रोतको पानी निकाली उपयोग गर्ने सम्वन्धी अनुमति पत्रको लागि टयूववेल निर्माण पश्चात Well Development Report, Pump Test Report, Well Design, Water Quality Report तथा Pump Operation Schedule सहितको प्रतिवेदन बोर्डमा पेश गर्नुपर्नेछ ।

(११) बोर्डमा प्राप्त विवरण, कागजात, प्रतिवेदन र स्थलगत अवलोकन गर्दा उपयुक्त देखिएमा दफा ४ को उपदफा (२) मा उल्लेख भए बमोजिम भूमिगत श्रोतको पानी उपयोग गर्न सकिने परिमाण तोकी अनुमति पत्र जारी गरिनेछ ।

९. **अनुमती पत्र नलिई भूमिगत श्रोतको पानी निकाल्न नपाइने** : यस निर्देशिकाको दफा (३) को उपदफा (३) बाहेक अन्य जुनसुकै अवस्थामा अनुमतीपत्र लिएर मात्र भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्नुपर्नेछ । अनुमती पत्र प्राप्त नगरी भूमिगत श्रोतको पानी निकाली उपभोग गरे गराएमा त्यस्ता उपभोक्ता व्यक्ति/फर्म/कम्पनी वा संस्थालाई वोर्डले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६४ को नियम १५ बमोजिम जरिवाना गरी पानी निकाल्न प्रयोग गरेका उपकरण समेत जफत गर्न सक्नेछ ।

१०. **अनुमती पत्र दस्तुर** : भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमति पत्रको दस्तुर अनुसूची ६ मा व्यवस्था भए बमोजिम हुनेछ ।

११. **अनुमती पत्र लिने समय सिमा तथा कारवाही** : यो निर्देशिका लागू हुनुपूर्व अनुमति पत्र नलिई इनार वा ट्यूववेल मार्फत भूमिगत श्रोतको पानी निकाली प्रयोग गर्दै आएका उपभोक्ताहरुले पनि यो निर्देशिका लागू भए पश्चात नयाँ ट्युववेल सरह अनुमति पत्र लिनु पर्नेछ । अनुमति पत्रका लागि आवश्यक कागजात (दफा ६ मा उल्लेख भए बमोजिम) का अतिरिक्त आफुले प्रयोग गर्दै आएको ट्यूववेल संरचनाको यथार्थ अवस्था देखिने विवरण तथा दफा ८ को उपदफा (१०) मा उल्लेख भए बमोजिमका कागजात सहित प्रयोजन खुलाई बोर्डमा आवेदन दिनु पर्नेछ । बोर्डबाट स्थलगत निरिक्षण गर्दा मापदण्ड बमोजिमको टयूववेल जडान भएको पाइएमा र पेश हुन आएको विवरण मनासिव देखिएमा दफा ८ को उपदफा (११) को व्यवस्था बमोजिम भूमिगत श्रोतको पानी निकाली उपयोग गर्ने अनुमति पत्र जारी गर्न सकिनेछ । तोकिएको समय भित्र अनुमति पत्रको लागि प्रकृयामा नआएमा काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६४ को नियम १५ बमोजिम कारवाही गर्न सकिनेछ ।

१२. **अनुमती पत्र लिने उपभोक्ताहरुले पालना गर्नुपर्ने शर्तहरु** : भूमिगत श्रोतको पानी निकाली उपयोग गर्ने अनुमति पत्र प्राप्त उपभोक्ताले टयूववेल संचालन तथा पानी उपभोग सम्बन्धमा निम्न बमोजिम गर्नु गराउनु पर्नेछ ।

(क) जुन प्रयोजनको लागि अनुमति पत्र लिएको हो सो प्रयोजनको लागि मात्र पानी निकाल्ने ।

(ख) स्वीकृत परिमाणमा मात्र भूमिगत श्रोतको पानी निकाली उपभोग गर्ने ।

(ग) बोर्डको पूर्व स्वीकृती लिएर मात्र टयूववेल, पम्प, आदि मर्मत सुधार गर्ने ।

(घ) अनुसूची ७ मा व्यवस्था भए बमोजिम राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार पानीको गुणस्तर कायम गर्ने ।

(ङ) स्थानीयस्तर, छरछिमेक एवंम वातावरणीय प्रभावमा असर नपर्ने गरी भूमिगत श्रोतको पानी निकाल्ने तथा उपभोग गर्ने ।

(च) वर्षातको पानी (Rain Water) बाहेक बोर्डको स्वीकृती वेगर कुनै पनि गुणस्तरको जल पुनर्भरणमा प्रयोग नगर्ने ।

(छ) नियमानुसार बुझाउनु पर्ने रै रकम दस्तुर समयमा नै बुझाउने ।

(ज) अनुमति पत्र नविकरण गरी अद्यावधिक राख्ने ।

(झ) तोके बमोजिमको प्रतिवेदन वोर्डमा पठाउने ।

(ञ) बोर्डको पूर्व स्वीकृती लिएर मात्र पानी निकाल्ने संरचना बन्द गर्ने ।

(ट) पानीको परिमाण नाप्न वल्क मिटर जडान गर्ने ।

(ठ) अनुमती पत्र लिने क्रममा पेश भएको Pump Test Report भन्दा पानीको Draw Down बढी भएमा वोर्डलाई जानकारी दिने ।

१३. **पुनर्भरणको व्यवस्था गर्नुपर्ने** : भूमिगत श्रोतको पानी उपयोगको अनुमति पत्र पाएको उपभोक्ताले भूमिगत पानी पुनर्भरणको व्यवस्था गर्नुपर्नेछ । पुनर्भरणको लागि आफ्नो क्षेत्र अपर्याप्त वा अपायक भएमा सार्वजनिक ठाँउ, विद्यालय, कलेज इत्यादि खुला क्षेत्रमा भएको ठाउँमा प्रस्ताव गर्न सकिनेछ । यसको निमित्त सो प्रस्ताव सहित सम्बन्धित पक्षसंग भएको संझौता पत्र वा करारनामाको कागजात संलग्न गर्नु पर्नेछ । वोर्डले उक्त प्रस्ताव उपयुक्त ठानेमा पुनर्भरणको लागि स्वीकृति दिन सक्नेछ ।

१४. **क्षतिपुर्ति तथा हानी नोक्सानी व्यहोर्नु पर्ने** : भूमिगत पानी निकाल्ने प्रयोजनका लागि ट्युववेल वा इनार निर्माण गर्दाका बखत वा निर्माण पश्चात सो को कारणबाट नजिकका संधियार वा छर छिमेकका कुनै संरचनामा क्षति पुग्न गई सम्वन्धित गा.वि.स. ⁄ न.पा. वडा कार्यालयबाट प्रमाणित भएमा वा निर्माणका क्रममा सो कार्यमा संलग्न कामदारलाई कुनै क्षति पुग्न गएमा पुग्न गएको क्षतिको प्रकृतिको आधारमा प्रचलित कानुन बमोजिम ठहर भए मुताविक सम्वन्धित निर्माणकर्ता व्यक्ति ⁄ फर्म ⁄ कम्पनी वा संस्थाले सो क्षतिपुर्ति वा हानी नोक्सानी पूर्ण रुपले व्यहोर्नु पर्नेछ ।

१५. **घरायसी बाहेक अन्य प्रयोजनको लागि डिप बोरिङ संरचनाको माध्यमबाट भूमिगत श्रोतको पानी निकाल्नुपर्ने** : घरायसी बाहेक अन्य जुनसुकै प्रयोजनको लागि Shallow Tube well वा इनारको माध्यमबाट ३० मिटर गहिराई(Shallow Water layer) सम्मको भूमिगत पानी निकाली प्रयोग गर्दै आएका उपभोक्ताहरुले बोर्डद्वारा तोकिएको समय अवधि भित्र Shallow Water layer को पानी निकाल्ने कार्य वन्द गरी बोर्डको निर्देशन बमोजिम डिप टयूववेल (डिप वोरिङ) संरचनाको माध्यमबाट Deep water layer को पानी निकाली प्रयोग गर्नु पर्नेछ ।

१६. **वोर्डबाट अनुगमन निरिक्षण हुने** : अनुमति पत्र प्राप्त गरेका उपभोक्ताहरुको भूमिगत पानी निकाल्ने संयन्त्र तथा प्रकृयाका सम्बन्धमा आवश्यकतानुसार बोर्डबाट अनुगमन निरीक्षण हुनेछ । निरीक्षणको क्रममा दफा १२ मा उल्लेख भएका शर्तहरुको पालना नभएको देखिएमा तुरुन्त सच्याउन बोर्डबाट निर्देशन हुनेछ । बोर्डबाट भएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ताको कर्तव्य हुनेछ । यस्तो निर्देशन पालना नगरी अटेर गरेमा त्यस्ता उपभोक्ताले उपयोग गर्ने भूमिगत पानीमा परिमाणात्मक बन्देज लगाउने, अनुमति पत्र स्थगन गर्ने, संयन्त्र बन्द गर्ने, अनुमति पत्र रद्द गर्ने लगायत काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६४ को नियम १४ बमोजिम जरिवाना समेत गर्न सकिनेछ ।

१७. **स्थानीय वातावरणमा परेको प्रभाव सम्वन्धमा जाँचबुझ तथा कारवाही** : अनुमति पत्र प्राप्त उपभोक्ताले भूमिगत श्रोतको पानी निकाल्दा ऐतिहासिक, पुरातात्वीक पानीको स्रोतमा असर परेको, पानी निकाल्ने कार्यबाट स्थानीय वातावरणमा प्रभाव परेको वा अन्य उपभोक्ताहरुलाई प्रत्यक्ष असर परेको भनी सूचना वा जानकारी वा निवेदन बोर्ड समक्ष प्राप्त हुन आएमा सो सम्बन्धमा बोर्डबाट प्राविधिक टोली खटाई जाँचबुझ गरिनुको साथै आवश्यकतानुसार विज्ञ टोली समेत गठन गरी छानविन गराइनेछ । यस सम्बन्धमा विज्ञ तथा प्राविधिक टोलीबाट प्राप्त राय तथा सिफारिस सहितको प्रतिवेदन राखी राय परामर्शका लागि सम्वन्धित गा.वि.स. ⁄ न.पा. को सम्बन्धित वडा कार्यालयमा लेखी पठाईनेछ । बोर्डबाट गठित प्राविधिक टोली तथा विज्ञ टोलीको सिफारिस तथा स्थानीय निकाय गा.वि.स. ⁄ न.पा.को सम्बन्धित वडा कार्यालयबाट प्राप्त राय सिफारिस समेतको आधारमा बोर्डले पानी उपयोगमा परिमाणात्मक वन्देज, अनुमति पत्र स्थगन, संयन्त्र बन्द लगायत अनुमतिपत्र रद्द गर्नेसम्मका कार्यवाही गर्न सक्नेछ ।

१८. **भूमिगत श्रोतको पानी उपयोग प्रयोजन तथा परिमाणको आधारमा उपभोग शुल्क लगाउन सकिने** : भूमिगत श्रोतको पानी उपयोग प्रयोजन तथा परिमाणको आधारमा उपभोग शुल्क लगाउन सकिने छ । शुल्क निर्धारणको विधि र दर प्रचलित कानुन बमोजिम हुनेछ ।

१९. **अनुमतीपत्र लिने उपभोक्ताले वोर्ड समक्ष प्रतिवेदन पेश गर्नुपर्ने** : व्यक्तिगत प्रयोजनको निमित्त भूमिगत श्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र लिने उपभोक्ताले बार्षिक रुपमा र सो देखि बाहेक अरु प्रयोजनको निमित्त भूमिगत श्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र लिने उपभोक्ताले चौमासिक रुपमा Pump Operation Hour, Bulk Meter Reading को प्रतिवेदन बोर्डमा पेश गर्नुपर्नेछ ।

२०. **अनुमती पत्र नविकरण सम्वन्धी व्यवस्था** : (१) भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमति पत्रको अवधि एक आर्थिक बर्षको हुनेछ । प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र अनुमती पत्र नविकरणको लागि अनुसूची ६ मा व्यवस्था भए बमोजिम अनुमती पत्र नविकरण दस्तुर बुझाई वोर्डमा निवेदन दिनुपर्नेछ । यो निर्देशिका लागू हुनअघि अनुमतीपत्र लिएकाहरुले पहिलो पटक हिसाव मिलान गर्नको लागि दामासाहीले हुन आउने रकम अनुसूची ६ बमोजिम दस्तुर बुझाई वोर्डमा निवेदन दिनुपर्नेछ । म्याद भित्र निवेदन दिई नविकरण नगराउने उपभोक्तालाई अनुसूची ६ बमोजिम अतिरिक्त दस्तुर लाग्ने छ ।

(२) भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्रको नविकरण दस्तुर अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) बोर्डले भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र नविकरण गर्दा भूमिगत पानीको पर्याप्तता जल सतह, जल उपयोगको अवस्था, जनघनत्व, वातावरणीय प्रभाव आदिलाई दृष्टिगत गरी प्राविधिक प्रतिवेदनको आधारमा भूमिगत श्रोतको पानी निकाल्न सकिने परिमाणमा थपघट गर्न सक्नेछ ।

(४) भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्ने अनुमति पत्रको नविकरणको लागि निम्न बमोजिम कागजात संलग्न राखी निवेदन दिनुपर्नेछ ।

(क) भूमिगत जल गुणस्तर तथ्यांक

(ख) पम्प संचालन रेकर्ड

(ग) कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजात

(घ) बोर्डले तोके बमोजिमको नविकरण दस्तुर दाखिला गरेको बैंक भौचर

(ङ) भूमिगत जल पुनर्भरण तथ्यांक

(च) आफ्नो हकभोग वा स्वामित्वमा रहको जग्गा नभए जग्गा प्रयोग गर्ने गरी सम्वन्धित जग्गाधनीसँग गरिएको सम्झौता वा करारनामा

(५) यो निर्देशिका लागू हुनु पूर्व बोर्डबाट भूमिगत श्रोतको पानी निकाली उपयोग गर्ने अनुमति पत्र प्राप्त गरेका उपभोक्ताले समेत यही निर्देशिका अनुसारको प्रकृया पुरा गरी अनुमति पत्र नविकरण गर्नुपर्नेछ ।

(६) यस निर्देशिका लागू हुनु पूर्व अनुमति पत्र प्राप्त गरी विगत वर्षहरुको नविकरण नगरेका तर कागजातहरु समयमा पेश गरेका उपभोक्ताहरुले तत्कालिन वर्षमा तोकिए बमोजिम नविकरण दस्तुर मात्र बुझाई निर्देशिकामा तोकिएको प्रकृया पुर्‍याई अनुमति पत्र नविकरण गर्नुपर्नेछ ।

२१. **भूमिगत पानी उपलब्धता क्षेत्र वर्गिकरणमा हेरफेर गर्न सकिने** : अनुसूची २ मा भएको भौगोलिक वर्गिकरणलाई ; भूमिगत पानीको पर्याप्तता, जलसतह, जल उपयोगको अवस्था, जनघनत्व आदि एकीकृत डाटावेसलाई अद्यावधिक गरी भूमिगत जलको अवस्थालाई ध्यानमा राखी भूमिगत पानीको पर्याप्तता सम्बन्धी क्षेत्र वर्गीकरणमा हेरफेर गर्न सकिने छ ।

२२. **सम्पत्ति बेचविखन तथा हकभोग परिवर्तनको अवस्थामा प्रचलित कानुन बमोजिम हस्तान्तरण हुने** : व्यक्ति/कम्पनी/संस्था/फर्मले लिएको टयूववेल निर्माणको स्वीकृती तथा भूमिगत जल उपयोगको अनुमति साधारणतया अरुमा हस्तान्तरण गर्न सकिने छैन । तर सम्पत्ती बेचबिखन तथा हकभोक परिवर्तन गर्दाको अवस्थामा अन्य प्रचलित कानून बमोजिम हुनेछ । कानून बमोजिम हस्तान्तरण हुँदा अनुसूची ६ बमोजिम हस्तान्तरणको दस्तुर लाग्नेछ ।

२३. **वोर्डसँग समन्वय गर्नुपर्ने** : (१) कुनै पनि कारणले ट्यूववेल बन्द गर्नु पर्दा जल भण्डार (एक्विफर) तथा वरिपरिको वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव तथा त्यसको न्यूनिकरणका उपायहरुका सम्बन्धमा बोर्डसँग समन्वय तथा छलफल गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) कारणवश टयूववेल बन्द गराउनु पर्ने अवस्था आएमा आवश्यक व्यवस्था मिलाएर भूमिगत जल भण्डार तथा त्यसको अवस्थाका बारे अध्ययन अनुसन्धानको लागि वोर्डले त्यस्तो ट्युववेल उपयोग गर्न सक्नेछ ।

२४. **भूमिगत जल भण्डार सम्वन्धी तथ्यांक तयार गर्ने** : बोर्डले प्रत्येक आर्थिक बर्षमा अनुमति दिइएको टयूववेल संख्या, भूमिगत जल उपयोग स्थान, भूमिगत जल गुणस्तर, भूमिगत जल सतह, भूमिगत जल उपयोग आदिको डाटा एकीकृत Data Base मा राखी प्रशोधन गरी भूमिगत जल भण्डार सम्बन्धी तथ्यांक विवरण बार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

२५. **अनुमती पत्र नदिन तथा भूमिगत श्रोतको पानीको उपयोगमा परिमाणात्मक बन्देज लगाउन सकिने** : काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डले भूमिगत जल भण्डारको उपलव्धता ज्यादै न्युन भएको संवेदनशिल भौगोलिक क्षेत्रमा सम्वन्धित विज्ञ टोली समेतको राय लिई व्यवसायिक, औद्योगिक तथा सार्वजनिक प्रयोजनको लागि भूमिगत श्रोतको पानी निकाल्ने अनुमती नदिन तथा भूमिगत श्रोतको पानीको उपयोगमा परिमाणात्मक बन्देज लगाउन सक्नेछ ।

२६. **परिमार्जन तथा संशोधन** : काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी समितिले निर्देशिकालाई आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

२७. **खारेज तथा अमान्य** : निर्देशिकामा भएको व्यवस्था प्रचलित कानुनको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म अमान्य तथा खारेज हुनेछ ।

# अनुसूची १

१ काठमाण्डौ उपत्यका भित्र भूमिगत श्रोतको पानीको पर्याप्तता, जलतह, जल उपयोगको अवस्था, पुनर्भरणको सम्भावना, जनघनत्व आदिलाई आधार मानी भूमिगत पानीको उपलब्धता क्षेत्रको रुपमा गरिएको भौगोलिक वर्गिकरण :

क) सुरक्षित क्षेत्र (Safe Area)

ख) अर्ध संवेदनशील क्षेत्र (Semi Critical Area)

ग) संवेदनशील क्षेत्र (Critical Area)

## अनुसूची २

भूमिगत पानी उपलब्धता क्षेत्रको रुपमा गरिएको भौगालिक वर्गिकरण अन्तर्गत पर्ने काठमाण्डौ उपत्यकाका स्थानहरु :

क) **सुरक्षित क्षेत्र (Safe Area)** :

भूमिगत श्रोतको पानी उपलब्धताको पर्याप्त सम्भावना रहेको काठमाण्डौ उपत्यकाको उत्तरी क्षेत्र भित्र पर्ने निम्न स्थानहरु यस वर्गिकरण अन्तर्गत पर्दछन् ।

काठमाण्डौ जिल्ला अन्तर्गत : गोंगबु, धापासी, साङ्गला, नेपालटार, गोलढुंगा, काभ्रेस्थली, मनमैजु, धर्मस्थली, टोखा, खड्काभद्रकाली, बुढानिलकण्ठ, चपली, महाँकाल, कपन, चुनिखेल, गोकर्ण, सुन्दरीजल, मुलपानी, गोठाटार, नयाँपाटी, थली, झोर महाँकाल, इचंगुनारायण ।

भक्तपुर जिल्ला अन्तर्गत : बोडे, मनहरा क्षेत्र ।

ख) **अर्ध संवेदनशील क्षेत्र (Semi Critical Area)** :

भूमिगत श्रोतको पानी उपलब्धता सामान्य वा औसत सम्भावना रहेको काठमाण्डौ उपत्यकाको मध्य क्षेत्र भित्र पर्ने निम्न स्थानहरु यस वर्गिकरणमा पर्दछन् ।

काठमाण्डौ जिल्ला अन्तर्गत : काठमाण्डौ नगरपालिकाको सबै क्षेत्र, सितापाईला, स्युचाटार, नैकाप, तिनथाना, बलम्बु, मच्छेगाँउ, सतुंगल, मातातिर्थ र बाडभन्ज्याङ ।

ललितपुर जिल्ला अन्तर्गत : कुपण्डोल, ज्वागल क्षेत्र ।

भक्तपुर जिल्ला अन्तर्गत : भक्तपुर जिल्लाको सहरी क्षेत्र ।

ग) **संवेदनशील क्षेत्र (Critical Area)** :

भूमिगत श्रोतको पानी उपलब्धता सामान्य वा औसत भन्दा कम सम्भावना रहेको काठमाण्डौ उपत्यकाको दक्षिण क्षेत्र भित्र पर्ने निम्न स्थानहरु यस वर्गिकरण अन्तर्गत पर्दछन् ।

काठमाण्डौ जिल्ला अन्तर्गत : दक्षिणकाली, शेषनारायण, छैमले ।

ललितपुर जिल्ला अन्तर्गत : ललितपुर जिल्लाको बाँकी सबै भाग ।

भक्तपुर जिल्ला अन्तर्गत : भक्तपुर जिल्लाको उत्तरी क्षेत्रमा नपरेका र सहरी क्षेत्र बाहेकका बाँकी सबै भाग ।

# अनुसूची ३

## क्षेत्रगत पानी निकाल्न सकिने अधिकतम परिमाण :

| सि.नं | क्षेत्र | एउटा ट्युववेललाई दिइने अनुमती (लि. प्रति सेकेण्ड) |
|---|---|---|
| १ | सुरक्षित क्षेत्र (Safe Area) | २ देखि १५ सम्म |
| २ | अर्ध संवेदनशिल क्षेत्र (Semi Critical Area) | २ देखि ७ सम्म |
| ३ | संवेदनशिल क्षेत्र (Critical Area) | २ देखि ३ सम्म |

## अनुसूची ४

### महा नगरपालिका/उप महानगरपालिका/नगरपालिका वडाको सिफारिसको नमुना :

मिति :

श्री काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड,
थापाथली, काठमाण्डौ ।

विषय : सिफारिस सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा ............................... (व्यक्ति/फर्म/संस्था/प्रा.लि ले मिति ................यस वडा कार्यालय/गा.वि.स. समक्ष निवेदन पेश गरी यसै .................... कार्यालय/गा.वि.स. अन्तर्गत ..................... स्थानमा .......................... प्रयोजनको लागि अन्दाजी .............. मिटर गहिराई .......... डायमिटरको इनार/ट्युववेल निर्माण गरी पानी उपयोग गर्न पाँउ भनी सिफारिस माग गर्नु भएको हुँदा तहाँको नियमानुसार निजलाई इनार/ट्युववेल निर्माण गर्ने अनुमतीका लागि सिफारिस साथ आवश्यक कार्यवाहीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :

पद :

सही :

मिति :

## अनुसूची ५

### सार्वजनिक सुनुवाई गरेको जानकारी पठाउने पत्रको नमुना :

मिति :

श्री काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड,
थापाथली, काठमाण्डौ ।

विषय : सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा ................................ व्यक्ति/फर्म/संस्था/कम्पनी/प्रा.लि. ले ....................... वडा कार्यालय/गा.वि.स. अन्तर्गत............................... स्थानमा व्यवसायिक/औद्योगिक/सार्वजनिक प्रयोजनका लागि ................ गहिराई ............ को इनार/ट्युववेल निर्माण गर्ने अनुमती पत्रको सन्दर्भमा स्थानीय कार्यालय/गा.वि.स. का प्रतिनिधि श्री ..................................... को रोहवरमा स्थानीय स्तरमा मिति ................... मा भएको सार्वजनिक सुनुवाई तथा छलफलको निर्णयको प्रमाणित छाँयाकपी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :

पद :

सही :

मिति :

## अनुसूची ६

**भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमती पत्रको दस्तुर तथा अनुमती पत्र नविकरण दस्तुर देहाय बमोजिम हुनेछ :**

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | अनुमती पत्र दस्तुर | रु २०,०००।- |
| २ | अनुमती पत्र नविकरण दस्तुर | रु २०,०००।- |
| ३ | **अतिरिक्त दस्तुर**<br>क) अनुमतीपत्र नविकरण म्याद नाघेको दिन देखि ३ महिनासम्म<br>ख) सि.नं ३ (क) मा उल्लेख भएको मिति भन्दा पछि अनुमतीपत्र नविकरण गर्दा | <br>क) अनुमतीपत्र नविकरण दस्तुरमा थप ३५%<br>ख) अनुमतीपत्र नविकरण दस्तुरमा थप ५०% ले हुन आउने दस्तुर |
| ४ | अनुमतीपत्र नामसारी दस्तुर | रु २०,०००।- |

**स्पष्टिकरण** :

- महिनाको हिसाव गर्दा सम्वन्धित वर्षको क्यालेण्डर अनुसार गरिनेछ ।
- आ.ब. शुरु भएको १ महिना भित्र नविकरण गर्दा अतिरिक्त दस्तुर लाग्ने छैन ।

नविकरण शुल्क रु २०,०००।- को विस्तृत तालिका दफा २० को प्रयोजनको लागि

| सि.नं. | महिना | नविकरण शुल्क |
|---|---|---|
| १ | श्रावण | २०००० |
| २ | भदौ | १८३३३ |
| ३ | असोज | १६६६६ |
| ४ | कार्तिक | १५००० |
| ५ | मसिंर | १३३३३ |
| ६ | पौष | ११६६६ |
| ७ | माघ | १०००० |
| ८ | फाल्गुण | ८३३३ |
| ९ | चैत्र | ६६६६ |
| १० | बैशाख | ५००० |
| ११ | जेठ | ३३३३ |
| १२ | असार | १६६६ |

नविकरण शुल्क रु १०,०००।- को विस्तृत तालिका दफा २० को प्रयोजनको लागि

| सि.नं. | महिना | नविकरण शुल्क |
|---|---|---|
| १ | श्रावण | १०००० |
| २ | भदौ | ९१६६ |
| ३ | असोज | ८३३३ |
| ४ | कार्तिक | ७५०० |
| ५ | मसिंर | ६६६६ |
| ६ | पौष | ५८३३ |
| ७ | माघ | ५००० |
| ८ | फाल्गुण | ४१६६ |
| ९ | चैत्र | ३३३३ |
| १० | बैशाख | २५०० |
| ११ | जेठ | १६६६ |
| १२ | असार | ८३३ |

## अनुसूची ७

## राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२

| वर्ग | पारामिति (Parameter) | इकाई (Unit) | अधिकतम सघनन् सीमा (Maximum Concerntration Limits) | कैफियत |
|---|---|---|---|---|
| भौतिक | धमिलोपन (Turbidity) | NTU | ५ (१०) | |
| | हाइड्रोजन विभव (pH) | | ६.५ - ८.५ * | |
| | रंग (Color) | TCU | ५ (१५) | |
| | स्वाद तथा गन्ध (Taste & Odor) | | आपत्तिजनक हुनु नहुने | |
| | कुल घुलित ठोस पदार्थ (Total Dissolved Solids) | मि.ग्रा/लिटर | १००० | |
| | विद्युतिय संवाहकता (Electrical Conductivity) | माइक्रोसिमेन्स/सेन्टिमिटर | १५०० | |
| रासायनिक | फलाम (Iron) | मि.ग्रा/लिटर | ०.३(३) | |
| | मेगानीज (Manganese) | मि.ग्रा/लिटर | ०.२ | |
| | आर्सेनिक (Arsenic) | मि.ग्रा/लिटर | ०.०५ | |
| | क्याडमियम (Cadmium) | मि.ग्रा/लिटर | ०.००३ | |
| | क्रोमियम (Chromium) | मि.ग्रा/लिटर | ०.०५ | |
| | सायनाइड (Cyanide) | मि.ग्रा/लिटर | ०.०७ | |
| | फ्लोराइड (Fluoride) | मि.ग्रा/लिटर | ०.५-१.५* | |
| | शीशा (Lead) | मि.ग्रा/लिटर | ०.०१ | |
| | अमोनिया (Ammonia) | मि.ग्रा/लिटर | १.५ | |
| | क्लोराइड (Chloride) | मि.ग्रा/लिटर | २५० | |
| | सल्फेट (Sulphate) | मि.ग्रा/लिटर | २५० | |
| | नाइट्रेट (Nitrate) | मि.ग्रा/लिटर | ५० | |
| | तामा (Copper) | मि.ग्रा/लिटर | १ | |
| | कुल कडापन (Total Hardness) | मि.ग्रा/लिटर | ५०० | |
| | क्याल्सीयम (Calcium) | मि.ग्रा/लिटर | २०० | |
| | जस्ता (Zinc) | मि.ग्रा/लिटर | ३ | |
| | पारो (Mercury) | मि.ग्रा/लिटर | ०.००१ | |
| | आलुमिनियम (Aluminium) | मि.ग्रा/लिटर | ०.२ | |
| | क्लोरिन अवशेष (Residual Chlorine) | मि.ग्रा/लिटर | ०.१-०.२ * | क्लोरिन प्रयोग हुने प्रणालीहरुका लागि मात्र |
| सुक्ष्म जैविक | इ.कोली (E.Coli) | MPN/100ml | ० | |
| | कुल कोलिफर्म (Total Coliform) | MPN/100ml | ०(९५% नमुनामा) | |

* यि मानहरुले न्युनतम र अधिकतम् सिमा जनाउँदछन् ।

( ) अन्य कुनै विकल्प नभएको अवस्थामा मात्र मान्य हुने मानलाई कोष्ठ भित्र राखिएको छ ।